# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७३।०५।०६ गते

## प्रेस विज्ञप्ति

सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक गोपाल मिश्र मिति २०७१ माघदेखि २०७२ माघ महिनासम्म सशस्त्र प्रहरी वल, नौवस्ता, बाँकेमा कार्यालय प्रमुख (समादेशक) को हैसियतमा कार्यरत रहँदा आर्थिक बर्ष २०७१/०७२ को बजेटबाट निज स.प्र.ब.उ गोपाल मिश्रले गोप्य रुपले किर्ते खरिद बोर्ड गठन गरी फर्जी बिल भर्पाई बनाई कम परिमाणमा कन्सर्टिना वायर रगठन गरी वारवेड वायर (Barbed Wire) र कन्सर्टिना वायर (Concertina Wire) खरिद गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन उपर अनुसन्धान र तहकिकात हुँदा खरिद सम्झौतामा जिल्ला र स्थानीय दररेटभन्दा अत्यधिक मूल्य बढाई कम परिमाणमा उक्त सामानहरु खरिद भएकोमा निज स.प्र.ब.उ गोपाल मिश्रकै प्रत्यक्ष आदेश र निर्देशनमा लेखा प्रमुख सशस्त्र प्रहरी निरीक्षक चित्र बहादुर के.सी.ले स्काई वेब ईन्टरनेसनल, बर्षा ईन्टरनेसनल र जे.जे. ट्रेडिङ्ग एण्ड ईन्टरप्राइजेज, काठमाण्डौंका संचालक राजु रावलसँग मिलेमतो गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कानुनी प्रावधान समेत पूरा नगरी नक्कली दस्तखतबाट झूठा खरिद प्रतिबेदन कागजातहरु बनाई बनाउन लगाई खरिद सम्झौताका शर्त समेतको उल्लंघन गरी निज सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक गोपाल मिश्र र सशस्त्र प्रहरी निरीक्षक चित्र बहादुर के.सी. ले लेखा शाखा मै कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार नैन बहादुर वलीलाई प्रयोग गरी विभिन्न किर्ते कागजातहरु समेत तयार गर्न लगाई उक्त सामान खरिदको लागि बिनियोजित रकम बिल बिजक र सामान स्टोरमा दाखिला नहुँदै आपूर्तिकर्तालाई पूरै रकम सम्झौता गरेकै दिनमा भुक्तानी गरी रु.१,६६,००,०००।- (रु. एक करोड छैसठ्ठी लाख) बराबरको सरकारी रकम आफूहरु समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी पुर्याउने वदनियतले भ्रष्टाचार गरेको अनुसन्धान तथा तहकिकात समेतबाट पुष्टी हुन आएकोले देहाय बमोजिमका राष्ट्रसेवक कर्मचारीहरु र आपूर्तिकर्ता उपर देहाय बमोजिमको मागदाबीसहित आज विशेष अदालत काठमाण्डौमा आरोप पत्र दायर गरिएको छ ।

| सि.नं. | दर्जा | नाम थर | बिगो | सजाय माग दाबी |
|---|---|---|---|---|
| १ | स.प्र.ब.उ. | गोपाल मिश्र | १,६६,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम |
| २ | स.प्र.नि. | चित्र बहादुर के.सी. | १,६६,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम |
| ३ | स.प्र.स.ह. | नैन बहादुर वली | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम |
| ४ | जे.जे. ट्रेडिङ्ग एण्ड इन्टरप्राइजेज,टंगाल, काठमाण्डौं | राजु रावल | १,६६,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम |

@CIAANepal

FIGHT AGAINST CORRUPTION

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता